नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

# प्रेस विज्ञप्ति

मिति २०७९/०८/१३ गते नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीज्यूको संयोजकत्वमा सार्वजनिक सेवा प्रवाहमा सुधार, सम्भावित शीत लहरबाट हुने असर न्यूनीकरण, संयुक्त बजार अनुगमन लगायतका विषयमा केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको ६३औं बैठक बस्यो ।

उक्त बैठकमा मुख्य सचिवज्यूले राष्ट्रिय परिचयपत्र, राहदानी र सवारी चालक अनुमती पत्र वितरण सम्बन्धी कार्यलाई सरलीकरण गर्न सम्बन्धित निकायलाई निर्देशन दिने तथा अन्तर निकाय सूचना आदानप्रदानमा सहजीकरण गर्न र एकीकृत सूचना प्रणाली अवलम्वन गर्न data governance लाई प्रभावकारी बनाउने सम्बन्धमा सरोकारवालाहरुसँग राय परामर्श गरी सुझाव दिने विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सुशासन क्षेत्रले अध्ययन गरी सुझाव दिने सम्बन्धमा निर्देशन दिनु भयो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सामुदायिक विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकको छपाई गरी समयमा नै पाठ्यपुस्तक उपलब्ध हुने व्यवस्था गर्न निर्देशन दिनु भयो ।

केही मालवस्तुको औपचारिक आयातको विवरण र बजारमा सामानको उपलब्धता बीच तालमेल नभएको हुँदा आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धान विभागले बजार अनुगमन बढाउने र चोरी पैठारी नियन्त्रणमा खटिएका भन्सार सुरक्षा गस्तिहरुले समेत निगरानी बढाउने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सरकारी अस्पतालको सरसफाई तथा फोहोर व्यवस्थापन कार्यको गुणस्तर सुधार गर्ने, सिंहदरबार परिसर भित्र रहेका विभिन्न निकायका पुराना सवारी साधनको उचित व्यवस्थापनको लागि तत् तत् निकायले कानून बमोजिम लिलामी प्रकृया तत्काल अगाडि बढाउनुका साथै सुरक्षा व्यवस्था, ट्राफिक लाइट र सौन्दर्यकरण जस्ता कार्यका लागि सम्बन्धित निकायले पहल गर्ने विषयमा निर्देशन दिनु भयो ।

उक्त बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवज्यूहरु लगायत गृह मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय सतर्कता केन्द्र, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवज्यूहरुको उपस्थिति रहेको थियो ।

२०७९ मंसिर १४

महादेव पन्थ
प्रवक्ता